नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक १५० | २०८२ साल पुस २९ गते मंगलबार (13 Jan 2026 Tuesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय विकास र वर्तमान... ३ पृष्ठमा : कांग्रेसको विशेष महाधिवेशन ... ३ पृष्ठमाप्राविधिक समस्याले ...

## सप्तकोशी नगरपालिका : जंगली हात्तीको समुह बस्तीमा पसेर पुऱ्यायो लाखौंको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको सप्तकोशी नगरपालिका स्थित बस्तीमा जंगली हात्तीको समुह प्रवेश गरेर स्थानीयको घर तथा अन्नबालीमा क्षति पुऱ्याएको छ ।

नगरपालिकाको वडा नम्बर ६ बोचही र वडा नम्बर ७ बनी गाउँमा आइतबार राति २०/२२ वटा जंगली हात्तीको समुह बस्तीमा प्रवेश गरी घर, घरभित्र राखिएको धान, तरकारी तथा खेतबारीमा लगाइएको बालीनालीमा क्षति पुऱ्याएको हो ।

हात्तीले वडा नम्बर ६ का ६२ वर्षीय ब्रमदेव चौधरीको घरको टाटी भत्काई तरकारी खाएको र आलुबारी कुल्चिँदा करिब १० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

त्यस्तै वडा नम्बर ७ का ६२ वर्षीय दुखी चौधरीको घरमा हात्ती पसेर २० मन धान खाएको, काठका खाट तथा कल भाँच्दा करिब ३५ हजार रुपैयाँ बराबरको क्षति पुऱ्याएको हो ।

यसैगरी ६४ वर्षीय घुरण चौधरीको घरमा हात्तीको समुह प्रवेश गरि ६० मन धान खाएको र एक कट्ठा प्याजबारी नष्ट गर्दा करिब ८० हजार रुपैयाँ बराबरको क्षति भएको छ । ४२ वर्षीय देवचरण चौधरीको घरमा रहेको १० मन धान खाँदा १५ हजार रुपैयाँ बराबरको क्षति भएको छ भने ४१ वर्षीय दरवजित चौधरीको दुई कट्ठा आलुबारी कुल्चिँदा करिब ७ हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

जंगली हात्तीको समुहले एकलाख ४७ हजार मुल्य बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेले जानकारी दिए । त्यस क्षेत्रमा जंगली हात्तीले बारम्बार बस्तीमा प्रवेश गर्दै क्षति पुऱ्याउँदै आएका छन् भने जंगली हात्तीको बारम्बार बस्ती प्रवेशले स्थानीय त्रसित बनेका छन् ।

## 'निर्वाचनमा डिजिटल प्लेटफर्म नियन्त्रण गर्नु प्रमुख चुनौती हो'

मोरङ, २८ पुस (रासस) ।

निर्वाचन आयोगका सचिव कृष्णबहादुर राउतले आसन्न निर्वाचनमा डिजिटल प्लेटफर्म नियन्त्रण गर्नु प्रमुख चुनौतीका रूपमा रहेको बताउनुभएको छ । आयोगद्वारा सोमवारदेखि विराटनगरमा सुरु भएको दुई दिने प्रतिनिधिसभा निर्वाचनका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रदेश तथा जिल्ला निर्वाचन अधिकारीका लागि 'सञ्चालन तथा व्यवस्थापन अभिमुखीकरण' कार्यक्रममा उहाँले आगामी फागुन २१ गते हुने निर्वाचनमा भौतिकसँगै डिजिटल 'प्लेटफर्म'हरू नियन्त्रण गर्नु प्रमुख चुनौतीका रूपमा देखिएको बताउनुभयो ।

उहाँले निर्वाचन प्रचारप्रसारका लागि सामाजिक सञ्जाल अहिलेको प्रमुख सञ्चरमाध्यम बनिरहेका बेला यसपटकको निर्वाचनमा ती सञ्जालबाट फैलाइने मिथ्या सूचनाले पार्नसक्ने असरप्रति आयोग सचेत भई कार्य गरिरहेको जानकारी दिनुभयो । उहाँले भौगोलिकसँगै सामाजिक सञ्जालमार्फत गलत सूचना र अफवाह फैलाउने प्रवृत्ति निर्वाचनमा हुनसक्ने भएकाले यसतर्फ सबैलाई सचेत रहन आग्रह गर्नुभयो ।

सामाजिक सञ्जालबाट आउन सक्ने समस्या समाधानका लागि नेपाली सेना, नेपाल प्रहरी, दूरसञ्चार प्राधिकरणको आइटीको समूहले आयोगमा बसेर काम गरिरहेको सचिव राउतले जानकारी दिनुभयो । उहाँले सामाजिक सञ्जाल फेसबुक र

***बाँकी तीन पृष्ठमा***

## मर्यादित एवम् ब्यवसायिक पत्रकारिता प्रवर्द्धन सम्बन्धि दुई दिने गोष्ठी सुरु

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

पत्रकार महासंघ नेतृत्व सग विश्वासनिय मर्यादित एवं ब्यवसायिक पत्रकरिता प्रवर्द्धन सम्बन्धि दुई दिने गोष्ठी धुनषामा सोमबारबाट सुरु भएको छ ।

मधेश प्रदेशका आठवटै जिल्लाका नेपाल पत्रकार महासंघका अध्यक्ष, सचिव, कोषाध्यक्ष र मधेश प्रदेश समितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष समेतको सहभागितामा गोष्ठि सुरु भएको हो ।

मिडिया काउन्सिल मधेश प्रदेशको आयोजनामा सुरु भएको गोष्ठीमा प्रमुख अतिथि मधेश प्रदेशका उद्योग बाणिज्य एव पर्यटन मन्त्री कनिस पटेलले विभिन्न कालखण्डमा पत्रकारहरुले मुलुकको ब्यवस्था परिवर्तनमा खेलेको भुमिकाको प्रशशां गरे ।




मन्त्री पटेलले पत्रकारहरुको स्तरोन्ती र जिविकोपार्जनका लागी आफ्नो मन्त्रालयवाट हुन सक्ने सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

पत्रकार मर्मादित भए पत्रकारिता आफै मर्यादित बन्ने भन्दै उनले पत्रकार सयमित, मर्यादित, दलविहिन भएर स्वच्छ र सत्यतथ समाचार लेख्नुपर्नेमा जोड दिए ।

गोष्ठिमा मिडिया काउन्सिलका कार्यावाहक अध्यक्ष सुरेश यादवले प्रदेशको पत्रकार र संचारमाध्यमको अवस्था वारे प्रस्तुती गरेका थिए ।

कार्यावाहक अध्यक्ष यादवको अध्यक्षता सम्पन्न पहिलो दिनको गोष्ठीमा मन्त्री पटेल, पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम वञ्जरा लगायतकाले मन्तब्य राखेका थिए भने आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा, नेपाल पत्रकार महासंघका केन्द्रिय लेखा समिति संयोजक केसी लामिछाने सहितको उपस्थिति रहेको थियो ।

## स्व. उमा सिंहको हत्याबारे थप गहिरो र निष्पक्ष अनुसन्धान आवश्यक: कार्यकारी अध्यक्ष झा

काठमाडौँ, २८ पुस (रासस) ।

राष्ट्रिय समाचार समिति (रासस)का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले मधेस प्रदेशकी पत्रकार स्वर्गीय उमा सिंहको हत्याको विषयमा थप गहिरो र निष्पक्ष अनुसन्धान आवश्यक रहेको बताउनुभएको छ ।

उहाँले हालसम्म गरिएको अनुसन्धान र प्रस्तुत गरिएका कारणप्रति आफू सन्तुष्ट नरहेको स्पष्ट पार्नुभयो ।

मधेसी पत्रकार समाज नेपालद्वारा सोमवार काठमाडौँमा आयोजित सहिद पत्रकार उमा सिंहको १७औँ स्मृति दिवस तथा उमा सिंह पत्रकारिता सम्मान कार्यक्रममा अध्यक्ष झाले पत्रकार सिंहको हत्या प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षासँग प्रत्यक्ष जोडिएको गम्भीर विषय भएको उल्लेख गर्नुभयो ।

उहाँले भन्नुभयो, "म ठिक बोल्दैछु वा बोल्दै छैन, त्यो मलाई पनि थाहा छैन । तर स्वर्गीय पत्रकार उमा सिंहको हत्याबारे अहिलेसम्म गरिएको अनुसन्धानप्रति म सन्तुष्ट छैन । जुन कारण देखाएर हत्या गरिएको भनिएको छ, त्यसले मलाई अझै चित्त बुझेको छैन ।"

अध्यक्ष झाले उमा सिंहको हत्या पारिवारिक विवादका कारण मात्र भएको भन्ने निष्कर्ष एकपक्षीय भएको जिकिर गर्नुभयो । उहाँका अनुसार उमा सिंहले पत्रकारितामार्फत उठाएका विषयवस्तु, लेख तथा सामग्री पनि हत्याको सम्भावित कारण हुन सक्ने देखिन्छन् ।

"यदि पारिवारिक कारणले मात्रै हत्या भएको हो भने त्यो अनुसन्धानबाट अझै स्पष्ट हुनुपर्थ्यो," उहाँले भन्नुभयो, "उमा सिंहकै हत्यासँग सम्बन्धित एक जना व्यक्ति फरार भई धनगढी पुगेको र त्यहाँबाट पक्राउ गरी ल्याइएको विषय पनि छ । ती सबै पक्षलाई समेटेर पुनः अध्ययन गरिनु आवश्यक छ ।"

अध्यक्ष झाले उमा सिंहको हत्या हुनु केही महिना अघिदेखि उहाँले लेखेका समाचार सामग्री र उठाएका मुद्दाको गहिरो विश्लेषण हुनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा अध्यक्ष झाले मधेस प्रदेशमा हत्या गरिएका पत्रकार उमा सिंह, वीरेन्द्र साहलगायत अन्य पत्रकारका हत्याका कारणबारे पनि थप अनुसन्धान, अध्ययन र खोजनीति गर्न मधेसका पत्रकारलाई आग्रह गर्नुभयो ।

**आगो, हीटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं।**

- ❖आगो तथा हीटर नजिकबाट नतापौं।
- ❖कागज, कपडा जस्ता छिटो जल्ने सामाग्री आगो वा हीटरको नजिक नराखौं।
- ❖कोठामा आगो, हीटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं।
- ❖आगो तथा हीटर बन्द गरेर मात्र सुतौं।
- ❖बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।
- ❖बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हीटर नजिक एक्लै नछोडौं।
- ❖घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- ❖आगो, हीटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# स्थानीय विकास र वर्तमान समाज

*- महेशदत्त भट्ट*

काठमाडौँ, २८ पुस (रासस)।

पछिल्लो समय हाम्रो सार्वजनिक बहसमा सबैभन्दा धेरै सुनिने बाक्य हो–“देशमा विकास भएन, केही भएन।” चिया पसलदेखि संसद्सम्म, सामाजिक सञ्जालदेखि गाउँका चौतारासम्म यही टिप्पणीहरु सुन्न पाइन्छ। यो बाक्य आज व्यक्तिगत असन्तुष्टिभन्दा बढी समाजको सामूहिक मानसिकताको प्रतिनिधि बनेको छ। विकासलाई हामीले लामो समयदेखि सडक, भवनजस्ता भौतिक संरचरना र बजेटको आकारमा मात्र मापन गर्दै आएका छौँ। जहाँ कालोपत्र छैन, त्यहाँ राज्य छैन भन्ने अनुभूति बन्यो। जहाँ ठूला संरचना देखिएनन्, त्यहाँ परिवर्तन भएको मानिँदैन। यही सीमित दृष्टिकोणले सामाजिक, शैक्षिक, स्वास्थ्य, सञ्चार, विद्युत्, बैंकिङ सेवा, ग्रामीण सडक, सामुदायिक वन लगायतका विभिन्न क्षेत्रमा भएका सुक्ष्म तर महत्वपूर्ण प्रगतिलाई ओझेलमा पार्दै लग्यो।

सङ्घीय लोकतान्त्रिक व्यवस्थापछि जनताका अपेक्षा स्वाभाविक रूपमा बढे। परिवर्तन छिटो र प्रत्यक्ष देखिनुपर्छ भन्ने चाहना गलत पनि होइन। अपेक्षा र यथार्थबीचको यही दूरीले निराशा जन्मायो र त्यो निराशा “केही भएन” भन्ने नकारात्मक भाष्यका रूपमा व्यक्त हुन थाल्यो। विकासका कयौँ प्रयासहरू अधुरा र कमजोर पनि छन्। विद्यालय भवन बने तर शिक्षाको गुणस्तर उस्तै रह्यो। स्वास्थ्यचौकी स्थापना भयो तर सेवा प्रभावकारी भएन। बजेट खर्च भयो तर जनजीवनमा प्रत्यक्ष अनुभूति आएन। सबै कुरा शून्य छ भन्ने भाष्य पनि समाजका लागि उत्तिकै खतरनाक छ। यसले नागरिकलाई उदासिन बनाउँछ, सकारात्मक प्रयासलाई निरर्थक ठहर गर्छ र भविष्यप्रतिको आशा क्षीण बनाउँछ। निरन्तर नकारात्मक भाष्यले लोकतान्त्रिक पद्दति र सहभागिता कमजोर पार्नुका साथै सामाजिक असन्तोषलाई अझ गहिरो बनाउन सक्छ। “देशमा विकास भएन, केही भएन” भन्ने बाक्य गुनासोको रूपमा उपयोगी हुनसक्छ तर स्थायी भाष्यका रूपमा होइन।

यसलाई सुधारका लागि दबाब, जिम्मेवारीको माग र सकारात्मक परिवर्तनको आधार बनाइयो भने मात्र यो बाक्य समाज रूपान्तरणतर्फ उन्मुख हुनसक्छ। समाजमा अझै पनि तमाम गरिबी छ, समाजमा रोग छ, भोक छ, शोक छ, आर्थिक अभाव छ, बेरोजगारी छ। समाज गरिबीले पिल्सिएको छ। राज्यको सेवा प्रवाहमा तमाम त्रुटि र ढिलासुस्ती रहिआएको कुरा स्वीकार गर्नुपर्छ तर समाजका केही पनि भएको छैन ? यो कुरा पूर्णरुपमा सत्य होइन। यही नकारात्मकताले भएका सकारात्मक प्रयास पनि गिजोलिएका छन्। पछिल्ला दशकमा केही अवस्य भएको छ। केही नभएको पनि छ। गिलास आधा रित्तो छ भन्नुभन्दा पनि आधा भरिएको छ भन्ने कोणबाट सुरु गऱ्यो भने नकारात्मकतालाई छोडेर सकारात्मकतातर्फ जान सकिन्छ। केही त अवस्य भएको छ भन्ने कुरा केही उदाहरणबाट सुरु गरौँ। २०५४ सालमा बैतडीको दक्षिणी गाउँ विशालपुरदेखि सडक जोडिएको स्थान देहिमाडौँसम्म पूरै दिन लाग्थ्यो। अहिले अढाइ घण्टामा छोटिएको यो दुरी छिचोल्न त्यो बेला दुई दिने पैदलयात्रा गर्नुपर्थ्यो। २०५८ सालमा देशले सङ्कटकालको सामना गरिरहेको थियो। देश अन्तरद्वन्द्वको दलदलमा फसेको बेला सिङ्गो समाज असुरक्षित थियो। राज्यका सबै सेवा सुविधाहरु सदरमुकाम केन्द्रित थिए। हुलाक सेवा अवरुद्ध थियो। दूरसञ्चार सेवामा करिब पाँच प्रतिशत मानिसको मात्र पहुँच थियो। सहरका विद्यालय बन्द, हड्तालले आक्रान्त थिए। विद्युतीकरणको अभावमा बस्तीहरु अन्धकार थिए। प्राविधिक शिक्षालयहरुको स्थापना हुनसकेको थिएन।

उच्च शिक्षा हासिल गर्न जिल्ला बाहिर जानुपर्ने स्थिति थियो। जिल्ला सदरमुकाममा मात्र सीमित इन्टरनेट मुस्किलले ५६ केविपिएसको गतिमा चल्थ्यो। समान्य बिरामी हुँदा पनि भारतको पिथौरागडमा जानुपर्ने स्थिति थियो। सदरमुकामको मूल सडक नै धुलाम्मे र हिलाम्मे थियो। ग्रामीण सडकको सुरुआत भएकै थिएन। बैंकिङ सेवा लिन सदरमुकामको एकमात्र राष्ट्रिय वाणिज्य बैंक थियो, जहाँ लामो लाइन लाग्नुपर्थ्यो। सामाजिक अन्याय र उत्पीडनका घट्नामा पहुँच नभएका नागरिकले सहेर बस्नुपर्ने स्थिति थियो। बालबालिकाले दुई घण्टाको लामो बाटो हिँडेर स्कुल जानुपर्थ्यो। समयमा पाठ्यपुस्तक विद्यालयमा पुग्न सक्दैनथे। गर्भवतीको ज्यान बचाउन अस्पतालसम्म पुग्न स्ट्रेचर अभाव थियो। एम्बुलेन्सको अनुहारै देख्न नसकिने अवस्था थियो। अहिलेको अवस्थामा लोककथा झैँ लाग्ने यो कुरा धेरै पुरानो होइन, करिब दुई दशकअघि अनुभव गरेको यथार्थ हो।

**विकासमा फड्को मार्दै बैतडी**

आजमाथि उल्लेखित धेरैजसो समस्याको समाधान भएको छ तर पूर्ण भएको छैन। आम नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पार्ने र उनीहरुको दैनिकी सजिलो पार्ने धेरै काम भएका छन् ? चर्चा गरौँ। दुई दशक अघि ट्र्याक मात्र खोल्न सुरु भएको बैतडीको दक्षिणी क्षेत्र तल्लो स्वराड जोड्ने सडक आधा कालोपत्र भइसकेको छ। पाटनबाट पञ्चेश्वर जोड्ने ६४ किलोमिटर पाटन(पञ्चेश्वर सडकको ४५ किलोमिटर खण्ड कालोपत्र भइसकेको छ। उत्तर(पूर्वी क्षेत्र पुरचौडी श्रीभावर(हाट कालोपत्र सडकको पहुँचमा पुग्दैछ। देहिमाण्डौँ(गिरेगडा सडक, सतबाँज(श्रीभावर सडक, महाकाली करिडोर, सिल्लेगडा(पुर्चौडी सडक, खोचेलेक(रिम, गोकुलेश्वर(डिलाशैनी(पुर्चौंडी, सलेना(देहिमाण्डौँ सडक सञ्चालनमा आएका छन्। सेरा(झुलाघाट, पोखरा(ढुङ्गाड(गर्जे, दुदिलाखान(गाँजरी(कुर्चेनेटा, दुदिलाखान(गाँजरी(धौलाडी(ठूलोकाठा, सुल्लेखान(शर्माली(नागार्जुन, खाल(देहिमाण्डौँ(शर्माली सडक, सेरा(नगरौँ(धामीगाउँ(मठैराजलगायत अन्य थुप्रै वडादेखि पालिका जोड्ने ग्रामीण सडकमा ट्र्याक खुलेर अधिकांशमा सवारी चल्न थालेका छन्।

केही वर्ष अघिसम्म विज्ञान विषय अध्ययन गर्न कि त धनगढी र महेन्द्रगर झर्नुपर्ने कि छिमेकी देशको पिथौरागढ सहर जानुपर्ने बाध्यता थियो। आज नेपाल सरकारले विज्ञान विषय प्रवर्द्धन कार्यक्रमअन्तर्गत जिल्लाका दुई वटा विद्यालयमा आवासीय सुविधा र प्रोत्साहनका लागि नगदसमेत दिने कार्यक्रम सञ्चालन गरेको छ। कयौँ ठाउँमा घरमै बसेर उच्च शिक्षा अध्ययन सम्भव भएको छ। स्नातक तह अध्ययनका लागि सुदूरपश्चिम विश्वविद्यालयका जगन्नाथ बहुमुखी क्याम्पस, मणिलेक बहुमुखी क्याम्पस र पाटन बहुमुखी क्याम्पस आङ्गिक क्याम्पसहरुका रुपमा सञ्चालनमा छन्। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी आठ क्याम्पस सञ्चालनमा रहेका छन्। जगन्नाथ बहुमुखी क्याम्पस र श्रीकोट बहुमुखी क्याम्पसमा स्नातकोत्तर तहको पढाइ हुन्छ। विभिन्न विद्यालयमा प्राविधिक शिक्षाका कक्षा सञ्चालनमा रहेका छन्, जसले प्राविधिक, व्यावसायिक शैक्षिक जनशक्ति उत्पादन भइरहेको छ। सार्वजनिक सेवा विकेन्द्रकरणका गर्ने लक्ष्यका साथ सरकारले पुर्चौंडी नगरपालिकामा इलाका प्रशासन सञ्चालनमा ल्याएको छ। मेलौलीमा इलाका प्रशासन स्थापना हुने क्रममा छ।

यसैगरी विद्युत् र सञ्चार क्षेत्रमा पनि ठूलो फड्को मारिएको छ। दुई दशकअघिसम्म सदरमुकाममा आएर मात्र बिजुली देख्न पाइने अवस्थगा थियो। त्यो बेला सदरमुकाम, पाटन र केही लघुजलविद्युत्मार्फत जिल्लाको नगन्य क्षेत्रमा बत्ती बलेको थियो। २०४२ सालमा सीमानाका झुलाघाटबाट छ सय किलोवाट विद्युत् सदरमुकाम क्षेत्रका लागि विस्तार सुरु गरिएको हो। २०५५/५६ सालमा नेपाल विद्युत् प्राधिकरणको ३३ केभि प्रसारण लाइन विस्तार कार्य प्रारम्भ भयो। अहिले २६ हजार ९०८ घरघुरीमा बत्ती बलेसँगै जिल्लाको करिब ८० प्रतिशत विद्युतीकरण भइसकेको छ र बाँकी कार्य निर्माणक्रममा छ। दुई दशक अघि ५६ केबिपिएसमा चल्ने इन्टरनेट अहिले एक सय एमबिपिएसको गतिमा चल्ने भएको छ। मानिसका हातहातमा मोबाइल, इन्टरनेट सुविधा पुगेको छ,। जिल्लाको करिब ९० प्रतिशत भूभाग दूरसञ्चार सेवाको पहुँच आएको छ। जिल्लाभरि विद्युतीकरणसँगै यो सेवामा गुणस्तर थपिने अपेक्षा गर्न सकिन्छ।

विसं २०६० सम्म थोरै घरहरुमा मात्रै शौचालयको प्रयोग हुन्थ्यो। प्रायः मानिस खुल्ला ठाउँमा दिसा गर्थे। यसका कारण झाडापाखाला, हैजा, टाइफाइड, जण्डिस, दूषित पानी र खानाबाट महामारी फैलिएर वार्षिक रुपमा कयौँ बालबालिकाको मृत्यु हुन्थ्यो। गर्भवतीको स्वास्थ्य जोखिममा थियो। बाल मृत्युदर उच्च थियो। सामान्य उपचार गर्न पनि छिमेकी देश भारतको पिथौरागढ र तराईका जिल्ला दर्गुनुपर्ने बाध्यता पनि कम हुँदै गएको छ। पालिकास्तरमा अस्पताल, वार्डस्तरमा स्वास्थ्य संस्था र बर्थिङ सेन्टर स्थापना भएका छन्। गर्भवतीका लागि स्ट्रेचरको अभाव हुने ठाउँमा अहिले एम्बुलेन्स सेवा उपलब्ध छ। यस्तै बैंकिङ कारोबारका लागि जिल्ला धाउनुपर्ने बाध्यता हटेको छ। सबै पालिकामा बैंक स्थापना भएका छन्। गाउँ(गाउँमा सहकारी संस्था खुलेका छन्। कयौँ नागरिकमा वित्तीय साक्षरता बढेको छ। विभिन्न लघुवित्तले जिल्लाभरी सेवा विस्तार गरिरहेका छन्।

**उज्यालो दिनको प्रतीक्षामा**

यस जिल्लामा केही यस्ता आयोजना छन् जसले समग्र राष्ट्रको आर्थिक सम्बृद्धिमा टेवा पुऱ्याउँदै देशको मुहार नै परिवर्तन हुनसक्छ। देशको मुहार फेर्न सक्ने आयोजनाका रुपमा पञ्चेश्वर बहुउद्देशीय आयोजनालाई लिन सकिन्छ। २०५२ सालमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पिभिनरसिंह रावले हस्ताक्षर गरेको एकीकृत महाकाली सन्धिमा छ हजार चार सय ८० मेगावाट क्षमताको पञ्चेश्वर बहुउद्देशीय आयोजना बनाउने बुँदा उल्लेख थियो। विद्युत्, पर्यटन, मत्स्यपालन आदिबाट वार्षिक करिब रु ५५(६० अर्ब आम्दानी हुने देखाएको यो नेपालका लागि गौरवको आयोजना हो। तीन दशक वितिसक्दा पनि आयोजना अलपत्र अवस्थामा छ।

त्यस्तै नमूना सहर पाटन, झुलाघाटमा मोटर पुल, दोगडाकेदारमा आइएमइ ग्रुपले सञ्चालन गर्ने भनिएको सिमेन्ट उद्योग, सरकारले विस्तृत अध्ययन गरिसकेको फस्फोराइट उत्खनन, पुरचौडी, सिगास लगायतका फलामखानी, युरेनियम, खरी, जटीबुटी उत्पादन आदि कार्यले यस क्षेत्रको मात्र नभइ समग्र देशकै विकासमा योगदान पुग्ने देखिन्छ। देशभरिमा १० वटा नमूना सहर निर्माण गर्ने लक्ष्यअनुसार महाकाली अञ्चलको पुरानो अञ्चल मुकाम पाटनलाई नमूना सहरको रूपमा विकास गर्ने कुराले बैतडीवासीमा खुसीको सञ्चार भएको थियो। पहाडी जिल्लाबाट बढ्दो बसासराइँलाई रोक्न पहाडमै सुविधा सम्पन्न सहर बनाउने कुरा पहाडी क्षेत्रको समावेशी विकास, पहिचान र सम्भावनासँग जोडिएको विषय हो। नमूना सहरको विकाससँगै व्यापार, पर्यटन, होटल, यातायात र साना उद्योग फस्टाउने सम्भावना बढ्थ्यो। यसले पहाडमा बस्ने स्थानीय युवालाई रोजगारी सिर्जना गरी विदेश पलायन घटाउन मद्दत गर्न सक्थ्यो।

पाटन नमूना सहर बनेपछि बैतडी मात्र होइन, दार्चुला, डडेल्धुरालगायत आसपासका जिल्लाका लागि पनि आर्थिक र प्रशासनिक केन्द्रको रूपमा विकसित हुनसक्थ्यो। तर, नमूना सहर बनाउने कार्य लक्ष्य अनुसार अघि बढ्न सकेको छैन। मध्यपहाडी लोकमार्गको पश्चिमी बिन्दु झुलाघाट हो। नेपाल(भारत सीमा नदी महाकालीमाथि बन्ने भनिएको मोटरेबल पुल चुनाव आएसँगै चर्चाको विषय बन्ने गर्छ। एक हजार सात सय ७६ किमि लामो मध्यपहाडी लोकमार्गलाई भारतको उत्तराखण्ड राज्यहुँदै दिल्लीसम्म जोड्ने पुल झुलाघाट पुल नै हो। सीमावर्ती व्यापार सहज भई स्थानीय अर्थतन्त्र चलायमान हुनेछ।

यस विषयमा लामो समयदेखि ज्ञापनपत्र, अनसन, आन्दोलनजस्ता विभिन्न सङ्घर्षका कार्यक्रमसमेत भए पनि कुनै प्रगति भएको छैन। बैतडीको समग्र आर्थिक सम्बृद्धिका लागि पुरचौडी र सिगासको फलामखानी

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**

राजविराज

मितिः २०८२/०९/२८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. ७ बिलट महरानको नाममा दर्ता रहेको साविक प्रगन्ना पकरिया मौजे रौतहटको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. रौतहट वडा नं. ५ हाल परिवर्तित बलान बिहुल गा.पा. वडा नं. ६ वस्ने दुखी महरान-१ बिजली महरान-१ समेत- २ जनाको यस कार्यालयमा द.नं. २३८४ मिति २०८२/०५/२३ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ३१० | रौतहट | ६ | ५६ | ०-६-११.५ | बिलट महरान | फिल्डबुक को जग्गाधनी महल किसान महल र कैफियत महल खालि रहेको । |

.....................
श्री किशोर कुमार राम
कार्यालय प्रमुख

# कांग्रेसको विशेष महाधिवेशन कार्यविधि पारितः के छ कार्यविधिमा ?

काठमाडौँ, २८ पुस (रासस) ।

नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरद्वारा आयोजित विशेष महाधिवेशनको बन्दसत्रले 'नेपाली कांग्रेस विशेष केन्द्रीय महाधिवेशन कार्यविधि-२०८२' पारित गरेको छ । सोमवार भृकुटीमण्डमा भएको बन्दसत्रले पारित गरेको कार्यविधिमा केन्द्रीय कार्यसमितिको विघटन गर्ने प्रावधान समावेश गरिएको हो ।

कार्यविधिमा कांग्रेसको १४औँ महाधिवेशन विसं २०७८ (मङ्सिर २४ देखि २८) देखिको निर्वाचित मौजुदा केन्द्रीय कार्यसमितिको पदावधि समाप्त भइसकेकाले केन्द्रिय कार्यसमितिको विघटन गर्ने र कांग्रेसको १५औँ महाधिवेशन सम्पन्न नहुँदासम्मका लागि नयाँ केन्द्रिय कार्यसमिति निर्वाचित गर्ने प्रावधान उल्लेख छ ।

यसैगरी, विशेष केन्द्रीय महाधिवेशनको अध्यक्षता पार्टीको सभापतिले गर्नेछन्, निज अनुपस्थित भएको खण्डमा महाधिवेशनमा उपस्थित ज्येष्ठ सदस्यले गर्ने व्यवस्था उल्लेख छ ।

यसैगरी, ज्येष्ठ सदस्यको अध्यक्षतामा विशेष केन्द्रीय महाधिवेशनको बन्दसत्र सञ्चालन भएको अवस्थामा बन्दसत्र कार्यक्रमको सहजता र निरन्तरताका लागि महाधिवेशन प्रतिनिधिमध्ये पाँच सदस्यीय अध्यक्षता मण्डल गठन गरिने कार्यविधिमा उल्लेख छ ।

# ढिक्री बनाउन व्यस्त थारू समुदाय

तुलसीपुर (दाङ), २८ पुस (रासस) ।

दाङको तुलसीपुर उपमहानगरपालिका-१२ कचेलीकी जानकी चौधरीलाई अहिले ढिक्री बनाउने चटारो छ । माघी नजिकिएसँगै उहाँ अहिले ढिक्री बनाउनमा नै व्यस्त हुनुहुन्छ ।

त्यस्तै तुलसीपुर १० बनकाउकी विफ्मौनी थारूलाई पनि अहिले ढिक्री बनाउन भ्याइनभ्याइ छ । उहाँहरू मात्रै होइन, माघी नजिकिएसँगै अहिले थारू समुदायमा ढिक्री बनाउने चटारो छ ।

थारू समुदायले हरेक चाडपर्वमा मुख्य परिकारका रूपमा ढिक्री पकाउने गर्छन् । सुङ्गुरको मासु, माछा, घोँगीलगायतसँग ढिक्री खाने चलन छ । यी परिकार थारू समुदायका प्रख्यात परिकार हुन् ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमिसुधार तथा मालपोत कायार्लय सप्तरी राजविराज

मिति: २०८२/०९/२८

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना ।**

रैती नं. ५३ अधिक लाल दासको नाममा दर्ता रहेको साविक प्रगन्ना जगदर मौजे मलेकपुर बसन्तपुर हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक राजविराज न.पा. वडा नं. ४ हाल परिवर्तित राजविराज न.पा. वडा नं. ३ बस्ने गिता देवी दास-१ जगरनाथ दास-१ विणा देवी दास-१ र राज कुमार दास-१ समेत जना -४ को यस कार्यालयमा द.नं. १७०५३ मिति २०८१/११/२० गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०९/२८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला । म्याद भित्रै कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६६० | मलेकपुर | १क | २४६ | ०-९-९.५ | अधिक लाल दास | फिल्ड बुकको किसान महलमा पं. मलिकपुर वडा नं. १ बस्ने लिगेश्वर मण्डल रहेको कैफियत महलमा यो जग्गा पंचायत राजविराज बस्ने राम अवतार दासको नम्बरी जग्गा मैले अधियामा जोती खाई रहेको छु भनि उल्लेख रहेको । |
| ६६४ | मलेकपुर | १क | २११ | ०-६-८ | अधिक लाल दास | फिल्ड बुकको किसान महलमा पं. मलिकपुर वडा नं. ४ बस्ने ठकाई मण्डल धानुक रहेको कैफियत महलमा यो जग्गा पंचायत राजविराज बस्ने राम दासको नम्बरी जग्गा मैले अधियामा जोती खाई रहेको छु भनि उल्लेख रहेको । |

.....................
श्री किशोर कुमार राम
कार्यालय प्रमुख

## 'निर्वाचनमा...

एक्ससँग गलत सूचना सम्प्रेषणहरू रोक्नका लागि आग्रह गरिएको पनि बताउनुभयो ।

आयोगका सचिव राउतले निर्वाचन कार्यक्रमअन्तर्गत माघ २ गते निर्वाचन अधिकृत कार्यालयको स्थापना हुने जानकारी दिनुभयो । जिल्ला निर्वाचन कार्यालयलाई ३७ प्रकारका निर्वाचन सामग्री खरिदका लागि अख्तियारी दिइसकिएको बताउँदै उहाँले देशभरका १६५ वटै निर्वाचन क्षेत्रका लागि बजेट स्वीकृत भइसकेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा कोशी प्रदेशका प्रमुख सचिव राजेन्द्रकुमार पौडलले आगामी निर्वाचनमा सामाजिक सञ्जाल मुख्य चुनौतीका रूपमा देखिएको बताउनुभयो । निर्वाचनका लागि प्रदेश सुरक्षा कमाण्ड पोष्टका अध्यक्षसमेत रहनुभएका उहाँले प्रदेशको भूगोल, खुल्ला सिमाना, अवैध सवारीसाधनको प्रयोगसँगै सामाजिक सञ्जाल पनि निर्वाचन सुरक्षाको चुनौती बनेको धारणा राख्नुभयो ।

दुई दिने अभिमुखी कार्यक्रममा प्रतिनिधिसभा निर्वाचनः संवैधानिक तथा कानुनी व्यवस्था र निर्वाचन कार्यक्रम, निर्वाचनका विविध पक्ष (जनशक्ति, आर्थिक सुरक्षा व्यवस्थापन एवं मतदाता शिक्षा), निर्वाचन व्यस्थापनमा मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिः नीतिगत व्यवस्था, नियमन र नियन्त्रण (निर्वाचन आचारसंहिता, अनुगमन र पर्यवेशक्षण समेत)कार्यपत्र प्रस्तुत गरिने छ ।

यसैगरी निर्वाचन आयोगमा सञ्चालनमा रहेका सूचना प्रविधिसम्बन्धी प्रणाली, मतदाता नामावलीसम्बन्धी व्यवस्था र मतदान, मतगणनासम्बन्धी व्यवस्थापकीय कार्य र मतगणना प्रक्रिया तथा प्रतिवेदन र नमुना मतदान अभ्यास र मतगणनालगायत विषयमा कार्यपत्र प्रस्तुत गरिने कार्यक्रम छ ।

अभिमुखी कार्यक्रममा कोशी र मधेस प्रदेशका केही जिल्लाका मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा प्रदेश र जिल्ला निर्वाचन अधिकारीको सहभागिता रहेको छ । कोशी प्रदेशमा प्रतिनिधिसभाको २८ निर्वाचन क्षेत्र रहेकामा आगामी निर्वाचनका लागि एक हजार ९०७ मतदानस्थल र चार हजार २७० मतदान केन्द्र कायम गरिएको छ । प्रदेशमा सबैभन्दा बढी मतदानस्थल मोरङमा ३०६ र सबै भन्दा कम तेह्रथुममा ५६ रहेका छन् । प्रदेशमा कूल ३५ लाख ७४ हजार ३१० मतदाता छन् ।

## स्थानीय...

उत्खनन गर्न सकिएमा देशलाई फलाममा आत्मनिर्भर गर्न सकिने सम्भावना छ । दोगडाकेदारमा सिमेन्ट उद्योग स्थापना र फस्फोराइट उत्खनन गर्ने महत्वपूर्ण योजना पनि सुरु हुन सकेका छैनन । समग्रमा भन्नुपर्दा देशमा केही भएको छैन भाष्य सही छैन् । केही त जरुर भएको छ तर जति हुनुपर्ने हो त्यति भएको छैन । आउँदा दिनहरुमा भएको विकासलाई सदुपयोग गर्दै नागरिकलाई सकारात्मक बाटोमा हिँडाउनुपर्छ । सुशासन र सहज सेवा प्रवाह गर्दै देशमा शान्ति अमनचयन, विकास र समृद्धिको बाटोमा हिँड्नु छ ।

# विश्व समाचार

## प्राविधिक समस्याले इसरोको अन्तरिक्ष मिसन अवरुद्ध

नयाँ दिल्ली, २८ पुस (रासस/सिन्ह्वा) ।

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) ले सोमबार प्रक्षेपण गरेको रकेटमार्फत १६ वटा उपग्रह कक्षमा राख्ने मिसन असफल भएको छ। रकेटको तेस्रो चरणमा प्राविधिक गडबडी देखिएपछि उपग्रहहरू निर्धारित कक्षमा पुग्न नसकेको इसरोले जनाएको छ ।

इसरोका अनुसार रकेटले तय गरिएको उडान मार्गबाट ठूलो विचलन देखाएको थियो, जसका कारण उपग्रहहरू कक्षामा स्थापित गर्न सकिएन ।

'इन्डिया टुडे' अनलाइनले इसरोका अध्यक्ष वी. नारायणनलाई उद्धृत गर्दै जनाएअनुसार मिसनमा प्राविधिक समस्या देखिएको हो। उहाँले भन्नुभयो, "सुरुका चरणहरू सामान्य रहे पनि तेस्रो चरण (पीएस(३) मा कक्ष दाब अचानक घट्दा आवश्यक शक्ति प्रदान हुन सकेन। यसका कारण उडान मार्गमा ठूलो विचलन आयो र उपग्रहहरू कक्षमा राख्न सकिएन।"

यसअघि इसरोले सामाजिक सञ्जाल एक्स (पूर्व ट्विटर) मा प्रकाशित गरेको सूचनामा भनेको थियो, "पीएसएलभी(सी६२ मिसनको तेस्रो चरणको अन्त्यतिर प्राविधिक गडबडी देखिएको छ। यस विषयमा विस्तृत विश्लेषण सुरु गरिएको छ ।"

## क्युबासँगको सम्बन्धमा बाह्य हस्तक्षेप अस्वीकार्यः भेनेजुएला

काराकास, २८ पुस (रासस/सिन्ह्वा) ।

भेनेजुएलाले आइतबार क्युबासँगको आफ्नो 'ऐतिहासिक धारणा' पुनः दोहोर्याउँदै भ्रातृत्व, ऐक्यबद्धता, सहकार्य र सिद्धान्तप्रति दृढ प्रतिबद्धता व्यक्त गरेको छ । वाशिङ्टनबाट क्युबासँगको सम्बन्ध तोड्न बढ्दो दबाबका बाबजुद भेनेजुएलाले आफ्नो अडान कायम राखेको हो ।

भेनेजुएला सरकारले जारी गरेको एक विज्ञप्तिमा जनताको आत्मनिर्णयको अधिकार र सार्वभौमिकताको स्वतन्त्र अभ्यासप्रति आफ्नो समर्थन दोहोर्याइएको छ । सरकारका अनुसार यी मूल्यहरू अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत स्तम्भ हुन् ।

विज्ञप्तिमा संयुक्त राष्ट्रसङ्घको बडापत्र तथा अन्तर्राष्ट्रिय कानुनमा समावेश सिद्धान्तहरूप्रति आफ्नो प्रतिबद्धता पनि स्पष्ट गरिएको छ । साथै, भेनेजुएला र क्युबाबीचको दीर्घकालीन तथा निरन्तर विकसित हुँदै आएको सम्बन्धलाई उल्लेख गरिएको छ ।

भेनेजुएला सरकारले राज्यहरूबीचको सम्बन्ध गैर(हस्तक्षेप, सार्वभौमिक समानता र आत्मनिर्णयको सिद्धान्तमा आधारित हुनुपर्नेमा जोड दिएको छ । कुनै पनि प्रकारका विवादहरूलाई शान्तिपूर्ण रूपमा समाधान गर्न 'राजनीतिक तथा कूटनीतिक संवाद' नै एक मात्र व्यवहारिक मार्ग भएको सरकारको धारणा छ ।

यो वक्तव्य अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पबाट भेनेजुएलामाथि क्युबालाई अलग्याउन दबाब बढिरहेको समयमा आएको हो । ट्रम्पले भेनेजुएलालाई क्युबातर्फ जाने इन्धन तथा आर्थिक सहयोग रोक्न आग्रह गर्दै आउनुभएको छ ।

भेनेजुएलाले भने आफ्नो विदेश नीति स्वतन्त्र र सार्वभौमिक निर्णयमा आधारित हुने स्पष्ट पार्दै मित्र राष्ट्रहरूसँगको सम्बन्ध बाह्य दबाबका आधारमा परिवर्तन नहुने सङ्केत दिएको छ ।

## इरानप्रति अमेरिकी नीति पुनरावलोकन, आगामी कदम विचाराधीन

वाशिङ्टन, २८ पुस (रासस/सिन्ह्वा) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको वर्तमान अवस्थासम्बन्धी विषयमा आफ्नो प्रशासनले विभिन्न सम्भावित विकल्पहरूबारे विचार गरिरहेको बताउनुभएको छ । इरानभित्र देखिएका पछिल्ला घटनाक्रम र आन्तरिक परिस्थितिसम्बन्धी रिपोर्टहरूको पृष्ठभूमिमा अमेरिकी पक्षले यस विषयलाई गम्भीरतापूर्वक मूल्याङ्कन गरिरहेको उहाँले जानकारी दिनुभयो ।

आइतबार एयर फोर्स वनमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले भन्नुभयो,"हामी यस विषयलाई अत्यन्त सावधानीपूर्वक अध्ययन गरिरहेका छौँ । अमेरिकी सेनासहित सम्बन्धित निकायहरूले पनि परिस्थितिको मूल्याङ्कन गरिरहेका छन् । उपलब्ध विकल्पहरूबारे उपयुक्त समयमा निर्णय लिइनेछ ।"

उहाँले इरानको आन्तरिक अवस्थाको निरन्तर अनुगमन भइरहेको र त्यसले क्षेत्रीय सुरक्षा तथा अन्तर्राष्ट्रिय स्थिरतामा पार्न सक्ने सम्भावित प्रभावहरूलाई ध्यानमा राखिएको उल्लेख गर्नुभयो । अमेरिकी प्रशासनले कूटनीतिक, राजनीतिक तथा सुरक्षा सम्बन्धी सबै पक्षलाई सन्तुलित रूपमा समीक्षा गरिरहेको जनाइएको छ ।

राष्ट्रपति ट्रम्पले हालसम्म कुनै ठोस निर्णय भइनसकेको स्पष्ट पार्दै परिस्थितिको विकासअनुसार आगामी कदम तय गरिने सङ्केत गर्नुभयो । विश्लेषकहरूका अनुसार, अमेरिका(इरान सम्बन्धमा हुने कुनै पनि परिवर्तनले मध्यपूर्व क्षेत्रको समग्र स्थायित्व र अन्तर्राष्ट्रिय सम्बन्धमा प्रभाव पार्न सक्ने भएकाले विश्व समुदायले यस विषयलाई चासोपूर्वक हेरिरहेको छ ।

अमेरिकी रक्षा मन्त्रालय तथा राष्ट्रिय सुरक्षा निकायहरूले राष्ट्रपति र प्रशासनलाई इरानको अवस्थाबारे नियमित रूपमा जानकारी प्रदान गरिरहेका छन् । आगामी दिनहरूमा अमेरिकी नीतिगत धारणा कस्तो रहनेछ भन्ने विषयमा अन्तर्राष्ट्रिय समुदायको ध्यान केन्द्रित रहेको छ ।

# निर्वाचन प्रहरीमा भर्ना हुन आवेदकको ओइरो, चार दिनमा चार हजार भन्दा बढीले दिए आवेदन

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका प्रहरीमा भर्ना हुन आवेदन दिनेको सप्तरीमा ओइरो लागेको छ ।

आवेदन आह्वान गरिएको चारदिनमा चारहजार भन्दा बढी इच्छुक व्यक्तिले निर्वाचन प्रहरीमा भर्ना हुन आवेदन दिएका हुन् ।

सोमबार सम्म चार दिनमा चार हजार हजार दुई सय सय ३८ जनाले आवेदन दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।



चार हजार दुई सय सय २२ जना निर्वाचन प्रहरी आवश्यक रहेको सप्तरीमा आवश्यक भन्दा बढी आवेदन आएको र माघ १ गतेसम्म आवेदन दिन सकिने भएकाले अझै संख्यामा वृद्धि हुने उनले बताए । चार दिनको संख्या हेर्दा आवेदन दिनेको उत्साहजनक सहभागिता देखिएको हो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालसँग समन्वय गर्दै निर्वाचन प्रहरीका लागि सुरु गरिएको आवेदन प्रक्रिया निर्वाचन प्रहरी पदमा १८ वर्ष पुरा भईसकेका र ५४ वर्ष ननाघेका नेपाली नागरिकले आवेदन दिन पाउनेछन् ।

निर्वाचन प्रहरीको कार्यअवधि नियुक्ति मितिदेखि ४० दिन रहनेछ वा नेपाल सरकारले तोकेअनुसार हुनेछ । सेवा सुविधा अन्तर्गत प्रतिदिन ८ सय ६९ रुपैयाँ ४० पैसाका दरले ४० दिनको पारिश्रमिक रु ३४ हजार ७ सय ७६ प्रदान गरिने जनाइएको छ । यो सँगै सम्बन्धित जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरीले पाउने दररेट अनुसार खाद्यान्न खर्च पनि उपलब्ध गराइने छ ।

# आगो ताप्ने क्रममा जलेर बृद्ध महिला घाईते

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको शम्भुनाथ नगरपालिकामा घुर ताप्ने क्रममा जलेर एक बृद्ध महिला घाइते भएको छ ।

नगरपालिकाको वडा नम्बर १ स्थित खोक्सरमा घुर ताप्ने क्रममा स्थानिय ६० वर्षीया भुलन देवी ठाकुर जलेर घाईते भएकी छिन् ।

आइतबार साँझ करिब आफ्नै घरभित्र घुर बालेर आगो ताप्ने क्रममा उनले लगाएको साडीमा अचानक आगो सल्किँदा घाइते उनी घाईते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगलागीबाट ठाकुरको दुबै हात, दुबै खुट्टा, पेट तथा पछाडिको ढाड गरी करिब ४० प्रतिशत शरीर जलेको छ ।

घाइते उहाँलाई उपचारका लागि टिचिङ अस्पताल विराटनगर लगिएको प्रहरीले जनाएको छ ।

# पिकअपको ठक्करबाट साइकल यात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको खडक नगरपालिकामा बाटो काट्ने क्रममा पिकअप गाडीले दिएको ठक्करबाट एक वृद्ध साइकल यात्रीको मृत्यु भएको छ ।

नगरपालिकाको वडा नम्बर ५ खरचुईया स्थित पूर्व-पश्चिम राजमार्गमा बाटो काट्ने क्रममा पिकअप गाडीले दिएको ठक्करबाट सोही नगरपालिका वडा नं. ३ बस्ने ७९ वर्षीय साइकल यात्री लखन ठाकुरको मृत्यु भएको हो ।

आईतबार साँझ पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको नम्बर नखुलेको पिकअप गाडीले उत्तरबाट दक्षिणतर्फ सडक पार गरिरहेका ठाकुरलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते ठाकुरलाई उपचारका लागि सप्तऋषि अस्पताल, लहान सिरहा लगिएकोमा उपचारकै क्रममा साँझ ७ बजे चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# प्रदेश मन्त्रिपरिषद् बैठक : प्रवक्तामा मन्त्री राय

जनकपुरधाम, २८ पुस (रासस) ।

मधेश प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले सो सरकारको प्रवक्तामा प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गीलाल रायलाई तोकेको जनाएको छ । प्रदेश सरकारका मुख्यमन्त्री कृष्णाप्रसाद यादवको अध्यक्षतामा सोमवार बसेको बैठकले सो निर्णय गरेको हो ।

साथै सो बैठकले प्रदेशस्तरीय समस्या समाधानका लागि तीन वटा उच्चस्तरीय समितिसमेत गठन गरेको मुख्यमन्त्री मन्त्रिपरिषद् सचिवालयले जनाएको छ ।

सरकारले प्रदेशमा रहेको राजनीतिक, प्रशासनिक, कानुनी तथा आर्थिक/सामाजिक समस्याको अध्ययन समाधानका लागि तीन/तीन सदस्यीय समिति गठन गरेको हो । राजनीति तथा प्रशाासनिक समितिको संयोजकमा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री श्याम पटेललाई तोकिएको छ, भने त्यस समितिको सदस्यमा खेलकुद तथा समाज कल्याणमन्त्री वसन्त कुशवाहा तथा उद्योग वाणिज्य तथा पर्यटनमन्त्री कनिश पटेल सदस्य रहेको बताइएको छ ।

कानुन, न्याय तथा मामिला समितिको संयोजकमा श्रम तथा यातायातमन्त्री मनिष सुमनलाई तोकिएको छ । सो समितिको सदस्यमा गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो तथा वन तथा वातावरणमन्त्री शङ्करप्रसाद चौधरीलाई तोकिएको मुखयमन्त्री यादवले जानकारी दिनुभएको छ ।

त्यसैगरी आर्थिक तथा सामाजिक समितिको संयोजकमा अर्थमन्त्री महेश यादवलाई तोकएको छ, भने सो समितिको सदस्यमा भौतिक तथा पूर्वाधारमन्त्री राजकुमार गुप्ता र शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारी रहेको जनाइएको छ । मधेश प्रदेश सरकारले सो समितिमार्फत समस्याको पहिचान, तथा समाधान गर्ने बताइएको छ । पत्रकार तथा सञ्चार क्षेत्रसँग समन्वय गर्ने ।

यसैबीच मधेश प्रदेश सरकारका प्रवक्ता नियुक्त हुनुभएका मन्त्री जङ्गीलाल रायले सञ्चार क्षेत्रसँग समन्वय गरेर कार्यगर्ने बताउनुभएको छ । प्रदेश सरकारले पादर्शी भई सबैको सहयोगमा काम गर्ने उहाँको भनाइ रहेको छ ।

# रौतहटमा तीन हजार ८५१ निर्वाचन प्रहरी भर्ना गरिने

चन्द्रपुर (रौतहट), २८ पुस (रासस) ।

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि रौतहटमा तीन हजार ८५१ निर्वाचन प्रहरी भर्ना गरिने भएको छ । गत शुक्रबारदेखि जिल्ला प्रहरी कार्यालयले निर्वाचन प्रहरीका लागि आवेदन लिन सुरु गरेको छ । आइतबारसम्ममा १५२ महिलासहित ९५२ जनाले आवेदन दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विष्णुप्रदिप बस्यालले जानकारी दिनुभएको छ ।

प्रनाउ बस्यालका अनुसार नेपाल प्रहरीतर्फ तीन हजार ४६६ र सशस्त्र प्रहरी बल नेपालतर्फ ३८५ निर्वाचन प्रहरी भर्ना हुनेछन् । आवेदन दिएका आवेदकहरुका लागि आगामी माघ ४ गते सम्पर्क मिति तोकिएको छ भने माघ ५ गतेदेखि ९ गतेसम्म छनोट प्रक्रिया सञ्चालन गरिने जनाइएको छ ।

छनोट भएका उम्मेदवारहरूको अन्तिम नतिजा माघ १२ गते प्रकाशित गरिने र निर्वाचन प्रहरीले नियुक्ति भएको दिनदेखि जम्मा ४० दिनको सेवा सुविधा प्राप्त गर्ने जनाइएको छ ।

# काठमाडौँमा दुई दिने थारु राष्ट्रिय माघी महोत्सव हुने

काठमाडौँ, २८ पुस (रासस) ।

थारु समुदायको महान पर्वका रूपमा रहेको माघीलाई लक्षित गर्दै दुई दिने 'थारु राष्ट्रिय माघी महोत्सव' आयोजना हुने भएको छ । यो पर्वलाई पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका थरुहट तराई क्षेत्रमा बस्ने थारु समुदायले माघ/माघी/तिला सङ्क्राइत/खिँचरा/खिँचरी/खिँचडीका नामले हर्षोल्लासपूर्वक मनाउँदै आएका छन् ।

थारु कल्याणकारिणी सभा ( थाकस) केन्द्रीय समितिको संयोजन तथा ३० वटा थारु सङ्घसंस्थाको संयुक्त आयोजनामा यही पुस ३० र आगामी माघ १ गते काठमाडौँको टुँडीखेलमा महोत्सवको आयोजना हुने भएको हो ।

महोत्सवबारे जानकारी दिन सोमवार यहाँ आयोजित पत्रकार सम्मेलनमा मूल आयोजक समितिका संयोजक प्रेमीलाल चौधरीले यस महोत्सवले थारु संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकलाई महोत्सवमा सहभागी गराई नेपालको अर्थतन्त्रमा विकास गर्न मद्दत पुऱ्याउने विश्वास लिइएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "थारु समुदायमा माघी पर्वलाई नयाँ वर्ष, स्वतन्त्रता दिवस, सामाजिक कार्यका लागि गाउँको नेतृत्व चयन, खोजनी बुझनी (समीक्षा) तथा सामाजिक, सांस्कृतिक, धार्मिकलगायत पक्षको महत्वलाई जोड दिन्छ ।"

थारु समुदायले माघी आउनु अगाडिदेखि दुनाटपरी बनाउने र खानपानको जोहो गर्दै पर्वको तयारी गर्छन् । पुस मसान्तको दिन सुङ्गुर/बङ्गुर 'जिता मार्ने' गरिन्छ भने सोही दिन आगोको धुनी बाल्दै डफ र मादलसँगै धुमरु गाउँदै रातभर जाग्राम बस्ने गरिन्छ । माघ १ गते बिहानै नजिकको खोला, नदी, ताल, तलैया आदिमा स्नान गरिन्छ, जसलाई 'माघ लहान' भन्ने गरिन्छ ।

स्नानपश्चात् पूजा र भाकल गरे सन्तान सुख प्राप्ति र मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ । ढुङ्गाको महादेव बनाई जल, फूलमाला, सिक्का पैसा राखी पूजा गर्ने र आफूभन्दा अग्रजबाट आर्शिवादसहित चामलको सेतो टीका लगाई घरमा आएर 'निसराउ काढ्ने' र घरपरिवार इष्टमित्रमा साइनोअनुसार 'स्यावा ढोग' लिँदै माघका मिठामिठा परिकार खाने सांस्कृतिक प्रचलन रहँदै आएको छ ।

थारु कल्याणकारिणी सभाको अगुवाइमा काठमाडौँमा विसं २०५९ देखि महोत्सव मनाउन थालिएको हो । 'थारू कला संस्कृति हाँसो पहिचान, यसलाई संरक्षण र संवर्द्धन गर्ने हाम्रो अभियान' भन्ने मूल नाराका साथ मनाइने यस महोत्सवका मुख्य आकर्षक थारु समुदायको सांस्कृतिक झाँकीसहित ऱ्याली प्रदर्शन, मूल समुद्घाटन समारोह, विविध थारु सांस्कृतिक प्रस्तुति, थारु खानाका परिकार प्रदर्शनी एवं बिक्री, थारु सीप हस्तकला, पुस्तक प्रदर्शनी एवं बिक्री, मोटरसाइकल ऱ्याली, 'जिता मर्ना' र विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याएका थारु विशिष्ट व्यक्तित्वलाई सम्मान गर्ने कार्यक्रम समावेश गरिएको संयोजक चौधरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार महोत्सवमा थारु खानपिन, हस्तकला, पुस्तक प्रदर्शनीका करिब १०० वटा कक्ष (स्टल) रहने छन् । खानाका स्टलमा थारु जातिले माघी पर्वमा ढिक्री, घोङ्गी, अन्डिक भात, खिँचरी, तिलको लड्डु, अन्डिको जाँडको झोल, खँरिया, सुँगुरको मासु, गङ्गटो, सिँधरा, आलुसिन्की, बयरको चटनी, बरिया, तेलपौर रोटीलगायत विभिन्न खानाका परिकारको स्वाद महोत्सवमा सहभागीले लिन पाउने आयोजकले जनाएको छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार चौथो ठूलो जातिका रूपमा रहेको थारुको कूल जनसङ्ख्याको छ दशमलव दुई प्रतिशत छ । २६ जिल्लामा फैलिएका थारु जातिको जनसङ्ख्या १८ लाख सात हजार १२४ रहेको छ । यद्यपि, थारु समुदायले भने यो भन्दाबढी रहेको अनुमान गर्दै आएका छन् ।

हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय







यही मिति २०८२ माघ १ गते माघे मकर संक्रान्तिको पावन अवसरमा राजविराज नगरपालिका वडा नं.-७ स्थित प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गणमा भण्डारा''को आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लाबासी, साधुसन्त महन्थ एवं भक्तजनहरु लाई यस सुखद घडीमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरि गराई दिनु हुन सादर आमन्त्रण गरिन्छ ।

**स्थान:**
प्राचिन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिर प्राङ्गण
राजविराज नगरपालिका -७

समय : २०८२/१०/०१ गते बिहीबार ११ बजे देखि ७:०० बजे सम्म

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*